# नरहा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## नरहा, सिरहा, मधेश प्रदेश (नेपाल)

प.सं. २०८०/०८१
च.नं. 650

मितिः- २०८१/०१/२१

**बहुक्षेत्रीय पोषण योजना कार्यक्रम अन्तर्गत महिला सहकारी संस्था वा समुह छनौटका लागि प्रस्तावना पेशगर्ने सूचना**

**प्रथम पटक सूचना प्रकासित मिति २०८१/०१/२१ गते शुक्रवार**

यस नरहा गाउँपालिकाको चालु आ.व.२०८०/०८१ मा संचालित बहुक्षेत्रीय पोषण योजना कार्यक्रम अन्तर्गत सामाजिक तथा आर्थिक सशक्तिकरणको लागि महिला सहकारी संस्था वा महिला समुह अन्तर्गत सुनौलो हजार दिनका विपन्न घर परिवारका सदस्यहरुमा व्यवसायिक उधमशीलता प्रबर्द्धन र विपन्न अवस्थाका शिशुहरुलाई पोषण सचेतना र अवस्थामा सुधार ल्याउने उद्रेश्यले १ वटा महिला सहकारी संस्था वा महिला समुह छनौट गर्नु पर्ने भएको हुँदा नरहा गाउँपालिका भित्र दर्ता रहेका महिला सहकारी संस्था वा महिला समुहहरुले प्रस्तावना पेश गर्नु हुनको लागि यो सूचना प्रकासित गरिएको छ । सूचना प्रकासित भएको मिति देखी १५(पन्द्र) दिन भित्र तपसिलका कागजातहरु सहित प्रस्तावना र विवरण भरी पेश गर्नहुनको लागि सम्पुर्ण महिला सहकारी संस्था वा महिला समुहहरुलाई जानकारीको लागि अनुरोध छ ।

तपसिल

| क.स. | कार्यक्रम | अनुदान रकम | कैफियत |
|---|---|---|---|
| १ | व्यवसाय संचालन | रु.६,२५०००/- | |

**प्रस्तावना पेशगर्दा संलग्न राख्नु पर्ने कागजातहरु :-**

१, महिला सहकारी संस्था वा महिला समुह दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी ।
२, महिला सहकारी संस्था वा महिला समुहको गत आ.व.२०७९/०८० को लेखा परिक्षण प्रतिलिपी ।
३, गत आ.व.२०७९/०८० मा भएको साधारण सभाको निर्णय पुस्तिका प्रतिलिपी ।
४,संलग्न प्रस्ताव नमुना अनुसार विवरण भरेको फारम ।
५,आ.व.२०८०/०८१ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
६, महिला सहकारी संस्था वा महिला समुहमा कम्तीमा २५ सदस्य संख्या हुनु पर्ने ।

..............................
हरि शंकर यादव
प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थ :-**

वडा कार्यलय सवै नरहा गाउँपालिका सिरहा उक्त सूचना त्यस कार्यलयको सूचना पार्टीमा टाँस गरी साथै त्यस वडा भित्र रहेका महिला सहकारी संस्था वा महिला समुहलाई जानकारी गराई दिनुहुन ।

नोट :- संलग्न प्रस्ताव नमुना फारम यस नरहा गाउँपालिकाको website :- ~~narahagapa@gmail.com~~ narahamun.gov.np मा पनी उपलब्ध छ । थप जानकारीको लागि नरहा गाउँपालिकाको पोषण सहजकर्ता सविना कुमारी यादव,सम्पर्क नं.९८११७३९५१४ मा सम्पर्क गर्नुहोला ।